निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. /Ref: ६२/०८८/०८६         मितिः-२०७७/१०/०९

विषय :- २०७७ कार्तिक, मंसिर र पौष महिनाको त्रैमासिक प्रगति विवरण सम्बन्धमा ।

२०७७ कार्तिक, मंसिर र पौष महिनासम्म निर्वाचन आयोगबाट सम्पादित देहायका कार्यहरुको विवरण सबैको जानकारीको लागि सार्वजानिक गरिएको छ ।

१. वि सं २०७७ कार्तिक, मंसिर र पौष महिनासम्म ७७ जिल्ला निर्वाचन कार्यालयबाट ३८८३ जना महिला र ८११७ जना पुरुष गरी जम्मा १२००० जना मतदाताहरुको नाम मतदाता नामावलीमा दर्ता भएको तथा ७०२ जना मतदाताबाट विवरण अद्यावधिकको लागि निवेदन प्राप्त भएको ।
२. निर्वाचन सञ्चालन दिग्दर्शनको तयारी सम्वन्धी कार्य भईरहेको ।
३. निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ आयोगबाट स्वीकृत भई कार्यान्वयनमा ल्याईएको ।
४. आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन तयार भएको ।
५. नेपालको निर्वाचन इतिहास-२ को प्रकाशनका लागि अवश्यक कार्यहरु भईरहेको ।
६. आयोगको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्वन्धी निर्देशिका तयारी कार्य भईरहेको ।
७. निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड यूनियन निर्वाचन, २०७७ को लागि अवश्यक मतपेटीका उपलब्ध गराउन जिल्ला निर्वाचन कार्यालय- ७७ लाई परिपत्र गरिएको।
८. आर्थिक वर्ष २०७७/०७८ को लागि आवश्यक विभिन्न मसलन्द तथा कार्यालय सामानहरु खरिद गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरी आवश्यक प्रक्रियागत सञ्चालन भईरहेको ।
९. आयोग भवनको सामान्य मर्मत सम्बन्धी कार्यको दरभाउ पत्र स्वीकृत गरिएको।
१०. मतदाता नामावली सम्बन्धी विवरणहरुलाई जिल्लागत रुपमा छुट्टयाई सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुमा पठाईएको ।
११. जिल्ला निर्वाचन कार्यालयहरुको लागी आधिकारिक ईमेल प्रदान गरी संचालनमा ल्याइएको ।
१२. आयोगको Data Center स्थापना गर्नको लागी TOR तथा Specification तयारी सम्बन्धी कार्य गरिएको ।
१३. आयोगको इन्टरनेट तथा सूचना प्रविधि प्रणाली तथा उपकरणहरुको नियमित मर्मत सम्भार तथा संचालन सम्बन्धी कार्य गरिएको।
१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्था बमोजिम आयोगको आर्थिकवर्ष २०७७/०७८ को प्रथम त्रैमासिक प्रतिवेदन प्रकाशन गरिएको।
१५. सूचना अधिकारी मार्फत निरन्तररुपमा सूचना प्रदान गरिएको ।
१६. पुस्तकालयबाट नियमितरुपले सेवा प्रवाह भईरहेको ।



"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

१७. म.ले.प.बेरूजु तर्फ आ.व. ०७६/७७ सम्मको बाँकी बेरूजु रू.२४९११७ हजार मध्ये २०७७ पुस मसान्तसम्ममा रू. ५०२८३ हजार सम्परीक्षणका लागि अनुरोध भइ गएकोमा रू. ४३८ हजार सम्परीक्षण भई ०.१८ प्रतिशत प्रगति भएको ।

१८. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

१९. वित्तीय सुधार तथा बेरुजु फछ्यौंट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्यौंट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरुजु फछ्यौंट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

२०. सम्वत् २०७४ मा सम्पन्न सबै तहको निर्वाचन, सम्वत् २०७६ मा सम्पन्न स्थानीय तह, प्रदेश तथा प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन र सम्वत् २०७६ मा सम्पन्न राष्ट्रिय सभाका एक तिहाइ सदस्यको निर्वाचन सम्बन्धी मुद्दाको विवरण उपलब्ध गराई दिन सम्मानित सर्वोच्च अदालतमा पत्राचार गरिएको।

२१. आयोगको मिति २०७७/७/२४ को निर्णयानुसार प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ सूर्य बहादुर के.सी. को मृत्यु भई रिक्त रहेको स्थानमा उपलब्ध भएसम्म सोही समावेशी समूहको उम्मेदवारको नाम सात दिनभित्र मनोनयन गरी पठाइदिन सम्वन्धित दललाई पत्राचार गरिएको।

२२. "राष्ट्रिय प्रजातन्त्र पार्टी" एकीकरण भएको सूचना तथा "निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७७" सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि मुद्रण विभागमा पठाईएको।

२३. राजनीतिक दलको स्वमूल्यांकन कार्यविधि, २०७७ को मसौदा उपर छलफल भइरहेको।

२४. राजनीतिक दल दर्ता तथा वित्त व्यवस्थापन सूचना प्रविधि प्रणाली सम्बन्धी कार्यविधि, २०७७ को मसौदा उपर छलफल भइरहेको।

२५. आयोगबाट स्वीकृत भएको मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ र मतदान स्थल तथा मतदान केन्द्र पुनरावलोकन कार्यक्रम, २०७७ सञ्चालन गर्नको लागि सबै जिल्ला निर्वाचन कार्यालयमा पत्राचार गरिएको ।

२६. निर्वाचन आचारसंहिता, २०७७ को मसौदा उपर छलफल भइरहेको।

२७. वि.सं. २०७६ सालमा उपनिर्वाचन भएका जिल्ला र राष्ट्रिय सभा सदस्य निर्वाचन सम्पन्न भएको जिल्लाबाट मुद्दा परे वा नपरेको सम्बन्धी विवरण संकलन गरी नियमानुसार कागजात धुल्याउने सम्बन्धमा आवश्यक तयारी भैरहेको ।

२८. जिल्ला निर्वाचन कार्यालय - ७७ बाट प्राप्त भएको तथ्याङ्क अनुसार स्थानीय तहमा रिक्त रहेको पदको विवरण तयार गरिएको ।

२९. निर्वाचनसँग सम्बन्धित नीतिको अध्ययन, अनुसन्धान तथा विश्लेषण सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको ।

३०. आयोगले तयार गरेको निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग सम्बन्धी नीति, २०७७ को मस्यौदाका सम्बन्धमा विभिन्न राजनीतिक दलहरु र सम्बन्धित मन्त्रालयहरुमा पत्राचार आवश्यक राय सुझाब तथा पृष्ठपोषण प्राप्त गर्ने कार्य भइरहेको ।

३१. निर्वाचन स्मारिका प्रकाशन प्रयोजनार्थ विभिन्न विद्वत वर्गहरु तथा आयोग अन्तर्गतका कार्यालयहरुलाई लेख रचनाका लागि पत्राचार गरिएको ।

३२. जिल्ला निर्वाचन कार्यालय - ७७ बाट सञ्चालन गरिने निर्वाचन शिक्षा तथा तालिम सम्बन्धी वार्षिक कार्यक्रम तयार गरिएको ।





कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्यक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. / Ref:

३३. प्रदेश लोक सेवा आयोगबाट सञ्चालन गरिने परीक्षाको पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषयवस्तु समावेश गर्न आयोगको निर्णय अनुसार प्रदेश लोक सेवा आयोगमा पत्राचार गरिएको ।

३४. निर्वाचन प्रश्नोत्तर (FAQ) को मस्यौदामाथि आयोगका पदाधिकारी र कर्मचारीहरुबीच छलफल गरी प्रश्न र उत्तर तयार गर्ने कार्य जारी रहेको ।

३५. आर्थिक बर्ष २०७७/०७८ को प्रथम चौमासिक अवधिको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको ।

३६. लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियानका सन्दर्भमा अन्तरक्रिया लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको

३७. वैदेशिक सहायता प्राप्ति र परिचालन सम्बन्धमा सम्बन्धित मन्त्रालय र विकास साझेदार संस्था विच निरन्तर समन्वय भइरहेको ।

३८. आयोगको लागि Web Based Voter List Information Management System (VLIMS) विकास गर्नको लागि TOR तथा Specification तयारी सम्बन्धि कार्य भइरहेको ।

३९. आयोगका कम्प्यूटरहरु, डाटा तथा प्रणालीहरुलाई सुरक्षित गर्नका लागि Antivirus Software License को खरिद सम्झौता गरिएको ।

४०. जिल्ला निर्वाचन कार्यालयहरुमा DCA, DVLA, IEIMS हरुमा देखिएका समस्याहरु समाधान गर्न प्रविधिक सहयोग प्रदान गरिएको ।

४१. निर्वाचन आयोग ( पहिलो संशोधन ) विधयेक , २०७७ को मसौदा भइरहेको।

४२. स्थानीय तह निर्वाचन ( दोश्रो संशोधन ) विधयेक , २०७७ को मसौदा भइरहेको।

४३. प्रदेश सभा सदस्य निर्वाचन ( पहिलो संशोधन ) विधयेक , २०७७ को मसौदा भइरहेको।

४४. प्रतिनिधि सभा सदस्य निर्वाचन ( पहिलो संशोधन ) विधयेक , २०७७ को मसौदा भइरहेको।

४५. राष्ट्रिय सभा सदस्य निर्वाचन ( पहिलो संशोधन ) विधयेक, २०७७ को मसौदा भइरहेको।

४६. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ( पहिलो संशोधन ) विधयेक, २०७७ को मसौदा भइरहेको।

४७. राजनीतिक दलको स्वमूल्यांकन कार्यविधि, २०७७ को मसौदा उपर छलफल भइरहेको।

४८. माओवादी जनमुक्ति पार्टी नेपाल नामक राजनीतिक दलका दावीकर्ता/निवेदक र विपक्षी दुवै पक्षलाई विवादको निरूपणका लागि छलफल गर्न एवम् कागजपत्र तथा प्रमाण सनाखत गर्न आयोगबाट आदेश भएको।

४९. नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरुवा, रमाना, पदस्थापन, सरुवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयमा आईपरेका आवश्यक काम कारवाही गरिएको ।

५०. आयोगमा रहेका विभिन्न किसिमका पुराना जिन्सी सामानहरु लिलाम बिक्री गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको ।

५१. आ.व. २०७७/०७८ को लागि आवश्यक विभिन्न मसलन्द तथा कार्यालय सामानहरु खरिद गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरी नियमानुसार बोलपत्र स्वीकृत गरिएको ।

५२. हाल आयोगको विभिन्न स्थानमा भैरहेको मर्मत सम्बन्धी कार्यको निरिक्षण गर्न संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानो गौचरण, काठमाडौलाई पत्राचार गरिएको ।

५३. नेपाल सरकारले वि.सं. २०७८ साल बैशाख १७ गते पहिलो चरण र ऐ.२७ गते दोस्रो चरणको प्रतिनिधि सभा सदस्यको निर्वाचनको मिति २०७७/०९/०५ गते घोषणा गरेको सन्दर्भमा जिल्ला निर्वाचन कार्यालयहरूबाट




कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. / Ref:

भईरहेको मतदाता नामावली सङ्कलन कार्य मिति २०७७/०९/०६ गते देखि स्थगन गर्न जिल्ला निर्वाचन कार्यालयलाई पत्राचार गरिएको ।

५४. दुई चरणमा प्रतिनिधि सभा सदस्यको निर्वाचन गर्ने गरी निर्वाचनको घोषणा भएकोले उक्त निर्वाचन प्रयोजनको लागि निर्वाचन मिति घोषणा भएको दिन २०७७/०९/०५ गतेलाई नै मतदाताको उमेर अठार वर्ष पुगेको निर्दिष्ट मिति (Cut off Date) तोक्ने निर्णय भएकोले सो अनुसार मतदाता नामावली अद्यावधिकका लागि मतदाता नामावली तयारी कार्य भएको ।

५५. सबै स्थानीय तहको केन्द्रमा मिति २०७७/१०/१५ गते देखि २०७७/१०/२१ गतेसम्म मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ प्रभावकारी रूपमा सञ्चालन गर्ने सम्बन्धमा आम नागरिकहरूलाई सुसूचित गरी, गराई अन्तिम मतदाता नामावली त्रुटि रहित बनाउने कार्यमा सहयोगका लागि स्थानीय तहहरू (७५३ सबै) लाई आयोगका तर्फबाट गरिएको अनुरोध पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएको ।

५६. नागरिकता त्याग तथा नागरिकता रद्द सम्बन्धि विवरण सबै जिल्ला निर्वाचन कार्यालयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलव्ध गराई दिने सम्बन्धमा गृह मन्त्रालयमा अनुरोध गरी पत्राचार गरिएको ।

५७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १३१ मिति २०७७/०९/२४ को पत्रसाथ सम्पादन भई आएको निर्वाचनको प्रयोजनको लागि २०७७ साल पुस ०५ गते सम्म नाम दर्ता भई सोही मिति सम्ममा अठार वर्ष उमेर पूरा भएका व्यक्तिको नाम मतदाता नामावली ऐन, २०७३ को दफा ६ को खण्ड (ख) बमोजिम मतदाता नामावलीमा दर्ता गर्ने भन्ने विषयको सूचनानेपाल राजपत्र भाग ५ मा प्रकाशन गर्ने प्रयोजनका लागि मिति २०७७/९/२६ गते मुद्रण विभागमा पठाईएको।

५८. राजनीतिक दल सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७७" स्वीकृत भएको।

५९. राजनीतिक दल दर्ता तथा वित्त व्यवस्थापन सूचना प्रविधि प्रणाली सम्बन्धी कार्यविधि, २०७७ को मसौदा उपर छलफल भइरहेको।

६०. रिट निवेदक शालिकराम सापकोटा समेत विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wc-००३४ को उत्प्रेषणमुद्दाको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

६१. रिट निवेदक कलमबहादुर विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wc-००४० को उत्प्रेषणमुद्दाको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

६२. रिट निवेदक मनिराम उपाध्याय विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wc-००४१ को उत्प्रेषणमुद्दाको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

६३. आयोगबाट मिति २०७७/९/१७ मा भएको निर्णय बमोजिम "जानकारी गराइएको सम्बन्धमा" भन्ने विषयको पत्र नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष द्धय के पी शर्मा ओली र पुष्पकमल दाहाल "प्रचण्ड" लाई पठाइएको। सुधार सहितको विवरण पेश गर्ने भनी मिति २०७७/९/२३ मा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष द्धय के पी शर्मा ओली र पुष्पकमल दाहाल "प्रचण्ड" लाई पत्राचार गरिएको।

६४. राजनीतिक दललाई लेखाको ढाँचाको सम्बन्धमा राय सुझाव दिन भनी पत्राचार गरिएको।





कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. / Ref:

६५. मिति २०७७ पौष २६ र२७ गते ७७ जिल्ला निर्वाचन कार्यालयका जिल्ला निर्वाचन अधिकारीहरूकालागि तथा ऐ. पौष २८ र २९ गते ७७ जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्यूटर अपरेटरहरूका लागि अनलाइन प्रणाली मार्फत मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।

६६. जिल्ला निर्वाचन कार्यालयहरूवाट प्राप्त भएका विवरणहरू CVLAServer मा integrationसम्बन्धी कार्य गरिएको

६७. मतदाता नामावली सम्बन्धि विवरणहरू CVLAServer मा integrationसम्बन्धी कार्य गरे पश्चात दोहोरो देखिएका विवरणहरू हटाउने तथा अध्यावधिक सम्बन्धि कार्य सम्पन्न गरे पश्चात सो मतदाता नामावली सम्बन्धि विवरणहरू तयार गरिएको |

६८. आयोगका कम्प्यूटरहरू र जिल्लामा रहेको DVLA सर्भरमा License सहितको Antivirus Software install गरिएको |

६९. नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरूवा, रमाना, पदस्थापन, सरूवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयमा आईपरेका आवश्यक काम कारवाही गरिएको ।

७०. सार्वजनिक निकाय दर्ता र प्रणाली संचालकको स्वीकृती गरिदिने सम्बन्धमा सार्वजनिक खरिद अनुगमनको कार्यालय, ताहाचल, काठमाडौंमा पत्राचार गरिएको ।

७१. जिल्ला निर्वाचन कार्यालय, बाँके, रोल्पा, स्याङ्जा र काठमाडौंलाई पुराना जिन्सी मालसामानहरू लिलाम बिक्री गर्न सहमति दिइएको ।

७२. वि.सं. २०७८ साल बैशाख १७ र २७ गते हुने निर्वाचनको सन्दर्भमा ७७ जिल्ला निर्वाचन कार्यालयहरूमा रहेका निर्वाचन सामग्रीहरूको अवस्थाका सम्बन्धमा विवरणहरू संकलन कार्य भईरहेको ।

(सूर्य प्रसाद अर्याल)
सूचना अधिकारी



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np